आज मितिः२०७८।०९।३० गतेका दिन यस बाणगंगा नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री मंगल प्रसाद थारु ज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरु माथी छलफल गरि निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिती रहेको छ ।

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | मंगल प्रसाद थारु | नगर प्रमुख | |
| २ | चक्रपाणी अर्याल | उप नगर प्रमुख | |
| ३ | बाल कुमारी पन्त | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | सन्तराम रौतार थारु | वडाध्यक्ष | |
| ६ | गणेश बहादुर क्षेत्री | वडाध्यक्ष | |
| ७ | भिष्मराज भुसाल | वडाध्यक्ष | |
| ८ | सुकदेव थारु | वडाध्यक्ष | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष | |
| १० | गुणानीधि भुसाल | वडाध्यक्ष | |
| ११ | धुव्र बेल्बासे | वडाध्यक्ष | |
| १२ | राम बिहारी चौधरी | वडाध्यक्ष | |
| १३ | सोमनाथ अर्याल | वडाध्यक्ष | |
| १४ | टिका कुमारी अधिकारी | सदस्य | |
| १५ | सरिता देवी ढकाल | सदस्य | |
| १६ | योगनाथ सुनार | सदस्य | |
| १७ | कृष्ण बहादुर वि.क. | सदस्य | |
| १८ | गिता भुसाल | सदस्य | |
| १९ | केशरा गुरुङ | सदस्य | |
| २० | सावित्रा थारु | सदस्य | |
| २१ | पूर्णकला सुनार | सदस्य | |
| २२ | वासुदेव खनाल | सचिव | |

बाणगङ्गा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल
मिति: २०७८।०९।३०

कार्यपालिका बैठकका प्रस्तावहरु-

१. आवधिक योजना स्वीकृत सम्बन्धमा।
२. स्यानिटरी ल्याण्डफिल्ड साईटको IEE Report स्वीकृत सम्बन्धमा।
३. संस्थागत स्व मूल्याङ्कन LISA अनुमोदन सम्बन्धमा।
४. अर्धवार्षिक समिक्षा सम्बन्धमा।
५. विविध

## निर्णयहरुः-

**निर्णय नं. १**

युदेन मिडिया, काठमाण्डौ परमार्शदातामार्फत यस कार्यालयमा पेश भएको बाणगङ्गा नगरपालिकाको प्रथम आवधिक योजना, २०७८ लाई स्वीकृत गर्ने र अनुमोदनको लागि नगरसभालाई सिफारिस गर्ने।

**निर्णय नं. २**

बाणगङ्गा नगरपालिकाको प्रस्तावित स्यानिटरी ल्याण्डफिल्ड साईटको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) स्वीकृत गर्ने र प्राप्त DPR अनुसारको परियोजना स्वीकृतिको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउन दशौं नगरसभालाई सिफारिस गर्ने।

**निर्णय नं. ३**

यस बाणगङ्गा नगरपालिकाको संस्थागत स्व मूल्याङ्कन LISA जिल्ला समन्वय समिति समेतबाट पृष्ठपोषण प्राप्त भई आएकोले छुट भएका डकुमेन्टहरुलाई पुन अपलोड गरी प्राप्त ६८.७५ अंक सहितको स्व मूल्याङ्कन अनुमोदन गर्ने र स्व मूल्याङ्नमा देखिएका कमी कमजोरीहरुलाई सुधार गर्दै लैजाने।

**निर्णय नं. ४ (विविध)**

१. नेपाल पत्रकार महासंघ कपिलवस्तुले आफ्नो जिल्ला अधिवेसन सञ्चालानार्थ आर्थिक सहयोग माग गरेकोले उक्त संस्थालाई रु.२०,०००।- सहयोग उपलब्ध गराउने।
२. यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७८।०७९ को हालसम्म भएका कार्यसम्पादन प्रगति र आय व्यय समेतको प्रतिवेदन स्वीकृत गरी नगरसभामा पेश गर्ने।
३. बाणगङ्गा सामुदायिक पुस्तकालयबाट आर्थिक सहयोग माग भई आएकोले रु.१५,०००।- आर्थिक सहयोग उपलब्ध गराउने।

वासुदेव खनाल
प्रमुख प्रशासकीय अधिकृत